# स्वयं कर निर्धारण तथा कर परीक्षण सम्बन्धी सामान्य जानकारी

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौ
२०७७ भाद्र

## १. स्वयं कर निर्धारण

आफ्नो कारोवार/आम्दानी सम्बन्धी विषयमा स्वयं व्यक्तिलाई जत्तिको जानकारी अन्य कसैलाई नहुने मान्यता अनुरुप कर कानूनले तोकेको प्रक्रिया र आधारमा आफैले आफ्नो आम्दानीमा लाग्ने कर निर्धारण गरी घोषणा गर्ने कार्यलाई स्वयं कर निर्धारण भनिन्छ । लेखा प्रणालीमा आधारित, करदातमैत्री, कर प्रशासनको तजविजी अधिकारमा पूर्ण कटौति जस्ता विश्वका उन्नत कर प्रणालीका विशेषता बोकेको आयकर ऐन, २०५८ ले पूर्ण रुपमा स्वयंकर निर्धारणको मान्यतालाई आत्मसात् गरेको छ ।साथै मूल्य अभिवृद्धि कर ऐन,२०५२ तथा अन्त शुल्क ऐन,२०५८ ले समेत स्वयंकर निर्धारणको मान्यतालाई स्वीकार गरी करदातालाई नै कर निर्धारण गर्ने मुख्य जिम्मेवार बनाएको छ ।

कारोवार गर्ने व्यक्तिले आफूले गरेको कारोवारको लेखा कर कानूनले तोके बमोजिम आद्यवधिक राख्ने, खरिद तथा विक्री खाताहरु, विल बीजकहरु सुरक्षित राख्ने तथा कारोवारवाट प्राप्त आम्दानी,उक्त आम्दानी प्राप्त गर्न लागेको लागत/खर्च समेतको स्पष्ट लेखा राखी करको गणना गर्ने र घोषणा गर्ने दायित्व समेत सम्वन्धित व्यक्तिको भएकोले आम्दानी गर्ने व्यक्ति नै पहिलो कर अधिकृत हो भन्ने मान्यता स्वयंकर निर्धारणले स्वीकार गरेको छ ।कर प्रशासनले सवै करदाताको लेखाको जाँच तथा परीक्षण गर्न विभिन्न कारणले सम्भव नहुने, कर प्रशासनबाट कारोवार कै वखतमा परीक्षण नगर्ने भएकोले करदातालाई कमजोरी सुधारको मौका समयमै नमिल्ने र पछि कर निर्धारण हुँदा कर र कारोवार लागत वढी लाग्ने जस्ता कारणले स्वयंकर वढी प्रभावकारी मानिन्छ ।स्वयंकर निर्धारण गरी पेश गरेको विवरणमा कुनै कैफियत देखिएमा, कर छली भएको भन्ने सूचना/जानकारी प्राप्त भएमा प्रदर्शन प्रभाव समेत पार्ने गरी कर प्रशासनवाट संशोधित कर निर्धारण गर्ने गरिन्छ ।

आयकर ऐन, २०५८ को दफा ९९ मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा ८(१) तथा अन्त शुल्क ऐन,२०५८ को दफा ३(क)(१) मा स्वयं कर निर्धारण सम्बन्धी व्यवस्था गरिएको छ ।यसर्थ आन्तरिक राजस्व विभागले प्रशासन गर्ने सवै ऐनहरुले स्वयं कर निर्धारणको मान्यतालाई पूर्ण रुपमा आत्मासात् गरेका छन् ।

### स्वयंकर निर्धारण प्रणालीका उद्देश्यहरु

- कर सहभागिता अभिवृद्धि गर्ने,
- कर संकलन लागत कम गर्ने,
- स्वेच्छिक रुपमा अधिकतम कर सहभागिता गराउने,
- करदातामैत्री सेवा प्रदान गर्ने,
- करदाताको अधिकारको संरक्षण गर्ने,
- कारोवारको सम्वन्धमा करदातालाई जिम्मेवार बनाउने,
- लेखा र तथ्यमा आधारित कर प्रणालीको विकास गर्ने,
- जोखिम विश्लेषणको आधारमा निश्चित करदाता छानविनको दायरामा ल्याउने,
- राजस्व प्रशासनको काम कारवाहीलाई पारदर्शी, सरल र करदातामैत्री बनाउँदै लैजाने,
- विश्वसनीय एवं अनुमानयोग्य राजस्व नीतिको विकास गर्ने,
- आन्तरिक राजस्व संकलनमा वृद्धि गर्ने,

## २. संशोधित कर निर्धारण

करदाताले स्वयं कर निर्धारण गरी पेश गरेको विवरण माथि छानविन/जाँच परीक्षण गरी सो अवधिको आय थप गरी वा खर्चमा कटौती गरी वा कुनै संशोधन नगरी कर प्रशासनवाट कर निर्धारण गर्ने कार्यलाई संशोधित कर निर्धारण भनिन्छ ।यस्तो संशोधित कर निर्धारण विवरण पेश गरेको चार वर्षभित्रमा जति पटक पनि हुन सक्छ ।

रोजगारी, व्यावसाय, लगानी, आकस्मिक लाभमा लाग्ने आयकर, वस्तु तथा सेवामा लाग्ने मू.अ.कर र अन्त शुल्क लगायतका करको विषयमा कार्यालयबाट संशोधित कर निर्धारण गर्ने गरिन्छ । त्यसरी संशोधित कर निर्धारण गरिने कार्य पूर्ण कर परीक्षण, चालू बर्षे कर परीक्षण, अनुसन्धनात्मक कर परीक्षण, श्रोतमा कर कट्टी परीक्षण जस्ता माध्यमवाट गर्ने गरिन्छ ।

## ३. संशय कर निर्धारण

सवै किसिमको आय गर्ने व्यक्तिले देश छाडी जाने वा टाट पल्टिने सम्भावना भएमा वा कर छली गरेको यथेष्ट आधार भएको र कालो सूचीमा परेको जस्ता कारणले राजस्व गुम्न सक्ने अवस्थाको सिर्जना हुन लागेको छ भन्ने विभागलाई लागेमा कुनै आय वर्ष वा वर्षको कुनै अंशको आय विवरण पेश गर्न लगाई न्यायोचित आधारमा कर निर्धारण गर्ने कार्यलाई संशय कर निर्धारण भनिन्छ । आयकर ऐन,२०५८ को दफा १०० मा संशय कर निर्धारण सम्बन्धी व्यवस्था रहेको छ ।

## ४. कर परीक्षण

आयकर ऐन, २०५८ मूल्य अभिवद्धि कर ऐन, २०५२ र अन्तः शुल्क ऐन, २०५८ बमोजिम कर विवरण वा आय विवरण वा अन्तः शुल्क विवरण वा कर रकम वा दुवै वुझाउनु पर्ने व्यक्तिले वुझाएको विवरण वा कर रकम कानूनले तोके बमोजिम बुझाएको छ वा छैन, पुऱ्याउनु पर्ने रीत पुऱ्याएको छ वा छैन बास्तविक भन्दा कम आम्दानी जनाएको तथा वढी खर्च दावी गरेको छ छैन भनी कर प्रसाशनद्धारा जाँच गर्ने कार्यलाई कर परीक्षण भनिन्छ । यस्तो कर परीक्षण आन्तरिक राजस्व विभाग अन्तरगतका ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयहरुबाट हुन्छ ।

## ५. कर परीक्षणको लागि छनौट

आन्तरिक राजस्व विभागले निर्धारण गरेका कर जोखिम सूचकहरुको दायरा भित्र पर्ने करदातामध्ये उच्च जोखिममा रहेका करदाताहरुको कर परीक्षणको लागि छनौट गरिन्छ। सामान्यतया कर परीक्षणको लागि करदाता छनौट विभागवाटै हुन्छ । साथै सम्वन्धित आन्तरिक राजस्व कार्यालयहरुवाट समेत आन्तरिक तथा वाह्य सूचना एवं प्राप्त उजुरी, करदाताको कर परिपालनाको स्तर, कारोवारको अवस्था, कारोवारको प्रकृति समेतको आधारमा कर परीक्षणको लागि करदाता छनौट गरिन्छ ।

आन्तरिक राजस्व विभागले निर्धारण गरेको बार्षिक कार्यगत लक्ष्यको आधारमा प्रत्येक कार्यालयको कूल करदाताको करिव दुई प्रतिशतको हाराहारीमा कर परीक्षण गर्ने गरिएको छ । कार्यालयको जनशक्ति, कार्यवोझ, कार्यालयको भौगोलिक क्षेत्राधिकार, करदाताको कर परीपालना स्तर आदिको आधारमा समेत

कर परीक्षण हुने करदाताको संख्या निर्धारण हुने गर्छ ।कर छलेको भनी सूचना वा उजुरी प्राप्त भएमा सवै सूचना/उजुरीको प्रारम्भिक जाँचवुझ गरी कर छलेको छ भन्ने लागेमा त्यस्ता करदाताको अनुसन्धानात्मक कर परीक्षण गरिन्छ ।

## ६. कर परीक्षणको प्रक्रिया

कर परिक्षणको प्रक्रिया सन्दर्भ अनुसार फरक पर्न सक्दछ । सामान्यतया कर परीक्षण गर्दा देहायका कार्य प्रक्रिया अवलम्वन गरिन्छ ।

६.१ विभिन्न सूचकको आधारमा कर परीक्षणको लागि आन्तरिक राजस्व विभागबाट करदाताको छनौट गरि सम्वधित कार्यालयमा कर परीक्षणको लागि पठाइन्छ ।

६.२ सम्वधित कार्यालयवाट कर परीक्षणको लागि छनौट भएका करदाताको कारोवारसंग सम्बन्धी उपलव्ध कागजातहरु अध्ययन पश्चात आयकर ऐन, २०५८ को दफा ८३ (१) मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्त शुल्क ऐन, २०५८ को दफा १०ख बमोजिमको सूचना करदाताको नाममा जारी गरिन्छ ।

६.३ करदाताले उक्त सूचना वुझेको मितिले १५ दिन भित्रमा सूचनामा उल्लेख गरेका विषयसंग सम्वन्धित कागजातहरु सम्वन्धित कार्यालयमा पेश गर्नु पर्दछ ।

६.४ कर परीक्षणसंग सम्वन्धित विषयमा कर प्रशासनले करदाताको कारोवार स्थलमा गई आवश्यक कागजात र भौतिक वस्तुको समेत परीक्षण गर्न सक्नेछ । सो विषयमा आवश्यक सहयोग गर्नु करदाताको कर्तव्य हुन आउँछ ।

६.५ कार्यालयमा पेश भएका र कारोवार स्थलमा गई जाँच गरेका कागजात तथा प्रमाणको आधारमा करदाताले खर्चका प्रमाण पेश गर्न नसकेमा वा आय लुकाएको विषयमा प्रमाण पुष्टि भएको वा आय छलेको भनी करदाताको नाममा कानूनले तोके बमोजिम संशोधित/प्रारम्भिक कर निर्धारणको सूचना जारी गरिन्छ ।

६.६ संशोधित/प्रारम्भिक कर निर्धारणको सूचनामा करदातालाई चित्त नवुझेमा वा कर निर्धारण हुने विषयको सम्वन्धमा कुनै जवाफ वा प्रमाण आफूसंग रहेको भन्ने करदातालाई लागेमा सूचना वुझेको १५ दिन भित्रमा सो जवाफ वा प्रमाण सम्वन्धित कार्यालयमा पेश गर्नु पर्ने हुन्छ । कार्यालयले दिएको सूचनामा करदातालाई चित्त बुझेमा जावफ पेश गर्नु पर्ने आवश्यकता पर्दैन ।

६.७ करदाताले पेश गरेको जवाफ वा प्रमाणको जाँच तथा विश्लेषण गरी कुनै कुरा संशोधन गर्नु पर्ने भए सो विषय उल्लेख गरेर कार्यालयवाट निर्णय पर्चा खडा गरी कर निर्धारणको विषयमा निर्णय गरिन्छ ।सोही निर्णय बमोजिम करदाताको नाममा कुनै कर अवधिको संशोधित कर निर्धारणको सूचना जारी गरिन्छ ।

६.८ करदाताले उक्त कर निर्धारण आदेशमा चित्त वुझेमा सोही पत्रमा उल्लेख गरे बमोजिम निर्धारित कर रकम भुक्तानी गर्नु पर्दछ। चित्त नवुझेमा प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिन सकिने व्यवस्था छ ।

## ७. कारोबार तथा आयसँग सम्बन्धित कागजात सुरक्षित राख्नु पर्ने

आफ्नो कारोवार तथा आयसंग सम्वन्धित कागजात र प्रमाणहरु निश्चित अवधिसम्म सुरक्षित राखी रहनु पर्छ । राजस्व छली/चुहावट भएको अवस्थामा वाहेक आयकर तथा मू.अ.करसंग सम्वन्धित

कागजातहरु चार वर्षसम्म र अन्त शुल्कसंग सम्वन्धित कागजातहरु छ वर्षसम्म जाँच तथा परीक्षण गर्न सकिने भएकोले सोही अवधिसम्म अनिबार्य रुपमा सुरक्षित राख्नु पर्छ ।

## ८. कर परीक्षण सम्बन्धमा करदाताको दायित्व

कर प्रशासनले करदाताको अधिकारको सम्मान र संरक्षण गर्दै कर कानूनको परिपालना गराउनु पर्छ । साथै करदाताले पनि आफ्नो दायित्वको ख्याल गर्दै कर कानूनको पालना र अधिकारको उपभोग गर्नुपर्छ ।

## ९. अनुसन्धानात्मक कर परीक्षण

करदाताको वास्तविक कारोवार र करदाताले घोषणा गरेको कारोबार रकमबीच फरक भई राजस्व चुहावट भएको भन्ने बिषयमा अन्य कुनै व्यक्ति वा निकायको उजुरी परेको वा विभाग तथा कार्यलयमा प्राप्त आन्तरिक सूचना तथा तथ्याङ्क विश्लेषण गर्दा राजस्व चुहावट भएको भन्ने पर्याप्त आधार र कारण भएको अवस्थामा करदाताको कारोवार तथा विवरणहरुको जाँचबुझ तथा छानबिन गरिन्छ जसलाई अनुसन्धानात्मक कर परीक्षण भनिन्छ । यसका अतिरिक्त विभाग वा कार्यालयले राजस्व जोखिमको क्षेत्र पहिचान गरी सोको आधारमा छनौट भएका करदाताको पनि अनुसन्धानात्मक कर परीक्षण गर्ने गर्दछन् ।

आन्तरिक तथा बाह्य सूचनाको आधारमा राजस्व चुहावट वा कर छली गरेको पाईएमा वा कसैले कर छलेको छ भनी सबुद प्रमाण सहित छानविनको लागि उजुरी वा जानकारी दिएमा अनुसन्धानात्मक कर परिक्षणको प्रक्रिया तत्काले प्रारम्भ गरिन्छ ।

## १०. वास्तविक कर निर्धारण (Right Taxation)

कर कानूनले तोके बमोजिम मात्र कर निर्धारण गर्ने कार्य Right Taxation हो । Right Taxation ले कर प्रशासनको तजविजी अधिकारको अन्त्य तथा कानूनी आधार र कारणको धरातलमा मात्र करारोपण गर्नु पर्छ भन्ने मान्यता राख्दछ ।

## ११. करदाताका अधिकारहरु

- सम्मानपूर्वक व्यवहारको अधिकार,
- कर सम्बन्धी कुराहरुको सूचना प्रचलित कानून बमोजिम प्राप्त गर्ने अधिकार,
- कर सम्बन्धी कुरामा सफाईको सबुत पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,
- प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक मुकरर गर्ने अधिकार,
- कर सम्बन्धी गोपनीय कुराहरु कर कानूनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार

**पुनश्चः यो पुस्तिकामा उल्लेख भएको कुनै विषय प्रचलित कर कानुन तथा निर्देशिकासँग बाझिन गएमा प्रचलित कर कानुन तथा निर्देशिका बमोजिम नै हुनेछ।**